# प्राचार्यको व्यवस्थापकीय भूमिकामा नेतृत्व शैलीको प्रभाव

त्रिभुवन विश्वविद्यालय स्नातकोत्तर (एम.एड) दोस्रो वर्ष शैक्षिक योजना तथा

व्यवस्थापन विषयको आंशिक आवश्यकता परिपूर्तिको लागि

शैक्षिक योजना तथा व्यवस्थापन विभागमा प्रस्तुत

## शोधपत्र


शोधकर्ता

दिपेन्द्र खतिवडा

त्रि.वि.वि दर्ता नं. १९८२७-९०

परीक्षा रोल नं.: २१४००२३/२०६४

शैक्षिक वर्ष: २०६२/२०६३

सुकुना बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

इन्द्रपुर, मोरङ



चैत्र, २०६९

**त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धन प्राप्त**

## सुकुना बहुमुखी क्याम्पस

**इन्द्रपुर मोरङ**

**स्थापित : २०४८**

पत्र सङ्ख्या : मिति : २०६९/११/०५

चलानी नम्बर :

विषय : सिफारिस पत्र

यस क्याम्पसका एम.एड्. दोस्रो वर्षका विद्यार्थी दिपेन्द्र खतिवडाद्वारा **"प्राचार्यको व्यवस्थापकीय भूमिकामा नेतृत्व शैलीको प्रभाव "** शीर्षकको शोधपत्र मेरो प्रत्यक्ष निर्देशनमा पूरा गर्नुभएको हो । यस शोधपत्रको अध्ययन, अध्ययन विधि, प्रस्तुतीकरण र निश्कर्षबाट म सन्तुष्ट छु । अत : शोधपत्र मूल्याङ्कनको लागि मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

भोजराज घिमिरे

(शोध निर्देशक)

मिति : २०६९/११ /०५ सुकुना बहुमुखी क्याम्पस

**त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धन प्राप्त**

# सुकुना बहुमुखी क्याम्पस

**इन्द्रपुर मोरङ**

**स्थापित : २०४८**

पत्र सङ्ख्या :

चलानी नम्बर : मितिः २०६९/१२/०८

विषय : स्वीकृति पत्र

शिक्षाशास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विभागको विद्यार्थी दिपेन्द्र खतिवडाले **"प्राचार्यको व्यवस्थापकीय भूमिकामा नेतृत्व शैलीको प्रभाव"** शीर्षक राखी शोध निर्देशक भोजराज घिमिरेको प्रत्यक्ष निर्देशनमा तयार पार्नु भएको शोधपत्रलाई स्वीकृति प्रदान गरिएको छ ।

**शोध मूल्याङ्कन समिति**

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | लक्ष्मीकुमार श्रेष्ठ | विभागीय प्रमुख | .............................. |
| २. | भोजराज घिमिरे | शोधनिर्देशक | .............................. |
| ३. | प्रा.डा.अरविन्द लाल भोमी | बाह्य परीक्षक | .............................. |

## कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन विभाग सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर- ४, मोरङले **प्राचार्यको व्यवस्थापकीय भूमिकामा नेतृत्व शैलीको प्रभाव** शीर्षकमा शोधपत्र तयार गर्न स्वीकृति दिएर मेरो इच्छालाई सफल पार्न अवसर दिनुभएकोमा म सम्बन्धित विभागमा कार्यरत सम्पूर्ण आदरणीय गुरुज्यूहरूप्रति आभार व्यक्त गर्दै कृतज्ञता ज्ञापन गर्दछु ।

यो शोधपत्रको प्रारम्भदेखि अन्त्यसम्म शोध निर्देशक भई आवश्यक सल्लाह, निर्देशन र सुझाव दिनुभई अति नै सहयोगी भूमिका निर्वाह गर्नुहुने आदरणीय गुरु श्री भोजराज घिमिरेज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यस्तै शोधपत्र तयारका क्रममा पटक-पटक सल्लाह र सहयोग दिनुहुने शैक्षिक योजना तथा व्यवस्थापन विभागका विभागीय प्रमुख श्री लक्ष्मीकुमार श्रेष्ठ ज्यूप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु ।

शोधकार्य गर्ने क्रममा आवश्यक सल्लाह, सुझाव, भनाई र प्रश्नको उत्तर दिनुहुने सिंवा, जनता र सरस्वती उच्च मा.वि.का प्राचार्यज्यूहरू, स्रोतव्यक्ति, प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावकज्यूहरूप्रति पनि कृतज्ञता व्यक्त गर्दछु । यस शोधपत्र कार्यमा आवश्यक सल्लाह र सुझाव दिनुहुने आदरणीय दाजु घनश्याम खतिवडा, जीवन खतिवडा, राजेन्द्र+पुष्पा खतिवडाप्रति आभार व्यक्त गर्दछु । शोधपत्र तयारमा उत्साह पुऱ्याउनुहुने दिदीहरू मैना, मेनुका, टीका र भिनाजुहरू कुलमणी, बसन्त र रमेशप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु ।

शोधपत्र छपाई कार्यमा सहयोग गर्ने भोलानाथ खतिवडाज्यू र शुद्धाशुद्धि हेर्ने तथा लेखन कार्यमा सहयोग पुऱ्याई गुण लगाउनुहुने शिक्षक साथी श्री निर्मला तामाङज्यूप्रति मुरीमुरी धन्यवाद ज्ञापन गर्दै हार्दिक आभार व्यक्त गर्दछु साथै मेरा जन्मदाता पिता कृष्णप्रसाद खतिवडा र माता हिमादेवी खतिवडाप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

अन्तमा यो शोध लेखनमा उत्साह प्रदान गर्ने शान्ता खतिवडा,रञ्जु, मञ्जु, विमला, सुशिला, दुश्यन्त, दिपेश+गोमा, सुजन, संगिता, निकेश, विभिषण, प्रबेश, विनिता र सन्देशमा पनि हार्दिक आभार व्यक्त गर्दछु । साथै यो शोध तयारमा प्रत्यक्ष र अप्रत्यक्ष सहयोग पुऱ्याइदिनुहुने सम्पूर्ण सङ्घ संस्थाहरू र महानुभावहरूमा हार्दिक आभार व्यक्त गर्दछु ।

दिपेन्द्र खतिवडा

# शोधसार

**प्राचार्यको व्यवस्थापकीय भूमिकामा नेतृत्व शैलीको प्रभाव** शीर्षकको यो शोधपत्रमा विद्यालय व्यवस्थापनमा प्राचार्यले निर्वाह गरेको भूमिकाको विश्लेषण र लेखाजोखा गरी देखिएका समस्याहरूलाई सुझाव दिनु मुख्य उद्देश्य रहेको छ ।

यस अध्ययनका लागि गुणात्मक र परिमाणात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ । २६ वटा उ.मा.वि.मध्ये तीनवटा मात्र र तीनवटा विद्यालयका तीनजना प्राचार्य, तीनजना प्रधानाध्यापक वाह्रजना शिक्षक, दुईजना स्रोतव्यक्ति र नौजना अभिभावक उद्देश्यमूलक नमुना छनौट विधिबाट र नौजना विद्यार्थीलाई सम्भावनायुक्त नमुना छनौट विधिबाट नमुना छनौट गरिएको छ । व्यवस्थापकीय भूमिकालाई विश्लेषण गर्न विद्यालयको भौतिक, शैक्षिक, आर्थिक, सामाजिक, राजनैतिक पक्षलाई अवलोकन, छलफल, प्रश्नावली, अनुसन्धानका साधन प्रयोग गरी प्राप्त तथ्याङ्कलाई तालिकामा राखेर विश्लेषण गरिएको छ । प्राचार्य, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक, स्रोतव्यक्तिहरूसंगको सम्वन्धलाई प्रश्नोत्तर, अन्तरवार्ता निर्देशिकाको प्रयोग गरिएको छ ।

प्राचार्यको व्यवस्थापकीय भूमिकामा नेतृत्व शैलीको प्रभाव विद्यालयको भौतिक, शैक्षिक, आर्थिक, सामाजिक, राजनैतिक, प्रशासनिक क्षेत्रमा न्यून रहेको देखिन्छ । सकारात्मक प्रभावले विद्यालयको शिक्षण सिकाईमा सुधार भई शैक्षिक उपलब्धि र विद्यालयको अवस्था उच्च रहेको छ भने नकारात्मक प्रभावले विद्यालयको उपलब्धिस्तर र अवस्था कमजोर भएको देखिन्छ । विद्यालयको भौतिक, शैक्षिक, आर्थिक, सामाजिक, राजनैतिक, प्रशासनिक क्षेत्रमा देखिएका समस्याहरूलाई प्राथमिकताका आधारमा समाधान गर्नुपर्ने देखिन्छ ।

विद्यालयको शैक्षिक प्रशासन चुस्त दुरूस्त बनाउनपर्ने, विद्यालयको स्रोत साधनलाई अधिकतम् परिचालन गर्नुपर्ने, आर्थिक स्रोत जुटाउन पहल गर्नुपर्ने, भौतिक पुर्वधार विकासमा जोड दिने, विद्यालय र समुदायवीचको सम्वन्ध सुमधुर बनाई विद्यालय सञ्चालन गर्नुपर्ने, विद्यालयको प्राचार्य राजनितिवाट अलग रही विना राजनीति विद्यालय चलाउर्नुपर्ने सुझाव प्रस्तुत गरिएको छ ।

# विषयसूची

पृष्ठ सङ्ख्या


सिफरिस पत्र क

स्वीकृति पत्र ख

कृतज्ञता ग

शोधसार घ

विषयसूची ङ

तालिकासूची ज

सङ्क्षिप्त शब्दावली झ

परिच्छेद एक : परिचय १-५

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ३

१.३ अध्ययनको औचित्य ४

१.४ अध्ययनको उद्देश्यहरू ४

१.५. अनुसन्धानात्मक प्रश्नहरू ४

१.६. अध्ययनको परिसीमा ४

१.७ अध्ययनमा प्रयुक्त शब्दावलीहरूको परिभाषा ५

परिच्छेद दुई :सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक ढाँचा ६-१०

२.१. सम्बन्धित साहित्यको पुनरावलोकन ६

२.२ अध्ययनको सैद्धान्तिक खाका ८

२.३. पुनरावलोकनको उपादेयता ९

परिच्छेद तीन :अनुसन्धान विधि ११-१३

३.१ अनुसन्धानात्मक ढाँचा ११

३.२ जनसङ्ख्या ११

३.३ नमुनाको आकार ११

३.४ नमुना छनौट विधि १२

३.५ नमुना छनौटको आधार १२

३.६ अनुसन्धानका साधन १२

३.७ तथ्याङ्कका स्रोतहरू १३

३.७.१ प्राथमिक स्रोतहरू १३

३.७.२ द्वितीय स्रोतहरू १३

३.८ तथ्याङ्क सङ्कलन विधि १३

३.९ तथ्याङ्क विश्लेषण विधि १३

परिच्छेद चार :तथ्याङ्कको व्याख्या तथा विश्लेषण १४-३२

४.१ विद्यालयको व्यवस्थापनमा प्राचार्यको भूमिका विश्लेषण १४

४.१.१ विद्यालयको भौतिक व्यवस्थापनमा भूमिका १४

४.१.२ विद्यालयको शैक्षिक व्यवस्थापन भूमिका १६

४.१.३ विद्यालयमा पुस्तकालय व्यवस्थापन भूमिका १९

४.१.४ विद्यालयको प्रशासनिक व्यवस्थापन भूमिका १९

४.१.५ विद्यालय र समुदायबीचको भूमिका २०

४.१.६ विद्यालयको आर्थिक व्यवस्थापन भूमिका २०

४.२ प्राचार्यको नेतृत्व शैलीले व्यवस्थापकीय भूमिकामा प्रभाव २३

४.२.१ प्राचार्य र प्रधानाध्यापक बीचको सम्बन्धको अवस्था २३

४.२.२ प्राचार्य र शिक्षकहरू बीचको सम्बन्धको अवस्था २५

४.२.३ प्राचार्य र वि.व्य.स/अभिभावकहरू बीचको सम्बन्धको अवस्था २६

४.२.४ प्राचार्य र विद्यार्थीहरू बीचको सम्बन्धको अवस्था २७

४.२.५ प्राचार्य र स्रोतव्यक्ति बीचको सम्बन्धको अवस्था २८

४.३ प्राचार्यको नेतृत्व शैलीले व्यवस्थापनमा पारेका समस्याहरू २९

४.३.१ भौतिक समस्या २९

४.३.२ शैक्षिक समस्या २९

४.३.३ प्रशासनिक समस्या २९

४.३.४ आर्थिक समस्या ३०

४.३.५ सामाजिक समस्या ३०

४.३.६ राजनैतिक समस्या ३०
४.३.७ नीतिगत समस्या ३०
४.४ प्राचार्यको नेतृत्व शैलीले पारेका समस्या समाधानका उपायहरू ३१
४.४.१ विद्यालयको भौतिक समस्या समाधानमा जोड दिने ३१
४.४.२ विद्यालयको शैक्षिक समस्यालाई हल गर्ने ३१
४.४.३ विद्यालयको प्रशासनलाई सुदृढ गर्ने ३१
४.४.४ आर्थिक अवस्था सुधार गर्ने ३१
४.४.५ सामाजिक सम्वन्ध विकास गर्ने ३२
४.४.६ राजनीतिबाट विद्यालयलाई मुक्त गर्ने ३२
४.४.७ सरकारी तवरबाट विद्यालयको नीतिगत समस्यालाई समाधान गराउने ३२
परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू ३३-३९
५.१ प्राप्ति ३३
५.२ निष्कर्ष ३५
५.३ सुझावहरू ३७
सन्दर्भग्रन्थ
अनुसूचीहरू

# तालिकासूची

| तालिका | पृष्ठ सङ्ख्या |
|---|---|
| तालिका १ जनसङ्ख्याको नमुना आकार | ११ |
| तालिका २ तीन विद्यालयको भौतिक पक्ष, २०६७ | १४ |
| तालिका ३ तीन विद्यालयको भौतिक पक्ष, २०६८ | १५ |
| तालिका ४ तीन विद्यालयको भौतिक पक्ष, २०६९ | १६ |
| तालिका ५ कक्षा ११ को तीनवर्षे उपलब्धि | १७ |
| तालिका ६ कक्षा १२ को तीनवर्षे उपलब्धि | १७ |
| तालिका ७ कुल विद्यार्थी उत्तीर्ण प्रतिशत | १८ |
| तालिका ८ पुस्तकालय विवरण | १९ |
| तालिका ९ विद्यालयको आर्थिक आय व्यय, २०६५/२०६६ | २० |
| तालिका १० तीन विद्यालयको आर्थिक आय व्यय, २०६६/२०६७ | २१ |
| तालिका ११ तीन विद्यालयको आर्थिक आय व्यय, २०६७/२०६८ | २१ |
| तालिका १२ तीनवटै आर्थिक वर्षको तुलना | २२ |

## सङक्षिप्त शब्दावली

| | |
|---|---|
| आ.व. | : आर्थिक वर्ष |
| उ.मा.वि. | : उच्च माध्यमिक विद्यालय |
| गा.वि.स. | : गाउँ विकास समिति |
| चौ. | : चौडाई |
| जि.वि.स. | : जिल्ला विकास समिति |
| जि.शि.का. | : जिल्ला शिक्षा कार्यालय |
| प्र.अ. | : प्रधानाध्यापक |
| पी.ओ.डी.सी. | : योजना, सङ्गठन, निर्देशन, नियन्त्रण गर्नु |
| मा.वि. | : माध्यमिक विद्यालय |
| मि. | : मिटर |
| ल. | : लम्वाई |
| वि.व्य.स. | : विद्यालय व्यवस्थापन समिति |
| वि.सं. | : विक्रम सम्वत |
| त्रि.वि. | : त्रिभुवन विश्वविद्यालय |